# पूर्वप्रधानमन्त्री रजाकलाई भ्रष्टाचारमा थप १५ वर्षको जेल सजाय



**एजेन्सी**
क्वालालम्पुर, पुस १३

मलेसियाका पूर्वप्रधानमन्त्री नाजिब रजाक भ्रष्टाचारको मुद्दामा दोषी ठहर भए पछि १५ वर्षको जेल सजाय सुनाइएको छ । क्वालालम्पुर उच्च अदालतले शुक्रबार फैसला सुनाएको अल जजिराले जनाएको छ ।

नाजिबलाई राज्य लगानी कोष १-मलेसिया डेभलपमेन्ट बरहाद (१-एमडिबी) बाट अवैध रूपमा २.२ अर्ब मलेसियन रिङ्गिट (करिब ५४ करोड ३० लाख अमेरिकी डलर) आफ्नो व्यक्तिगत बैंक खातामा हस्तान्तरण गरेको अभियोगमा दोषी ठहर गरिएको जनाइएको छ । अदालतले उनलाई शक्तिको दुरुपयोग गरेको चारवटा आरोप र सम्पत्ति शुद्धीकरणको २१ वटा अभियोगमा दोषी ठहर गरेको छ ।

फैसला सुनाउँदै न्यायाधीश कोलिन लरेन्स सेक्वेराहले यो मुद्दा राजनीतिक रूपमा सञ्चालित भएको भन्दै नाजिबको बचाउलाई अस्वीकार गरेका छन् । उनले आफूमाथि लगाइएका आरोपहरूमा राजनीतिक रूपले प्रेरित भन्ने तर्कलाई निर्विवाद खारेज गरेका छन् ।

नाजिबले प्रधानमन्त्री, अर्थमन्त्री र १-एमडीबीको सल्लाहकार बोर्डको अध्यक्षको रूपमा आफ्नो भूमिकाको दुरुपयोग गरी एक दशक भन्दा पहिले सार्वजनिक कोषलाई व्यक्तिगत लाभका लागि प्रयोग गरेको अल जजिराले जनाएको छ । १-एमडिबी काण्डसँग सम्बन्धित नाजिबको यो दोस्रो सजाय हो । यस अघि सन् २०२० मा कोषबाट करिब एक करोड अमेरिकी डलरको दुरुपयोग गरेको आरोपमा दोषी ठहर गरी १२ वर्षको जेल सजाय सुनाइएको थियो भने पछि सजाय घटाएर छ वर्षमा झारेको थियो ।

गत वर्ष नाजिबले १-एमडिबी विवादमा आफ्नो भूमिकाका लागि मलेसियालीहरूसँग माफी मागेको समेत जनाइएको छ ।

# चीनको उच्चगतिको रेल नेटवर्कले ५० हजार किलोमिटर पार गऱ्यो

**एजेन्सी**
बेइजिङ, पुस १३



जनवादी गणतन्त्र चीनको उच्च गतिको रेल नेटवर्कले शुक्रबार नयाँ रेल लाइन सञ्चालनमा आएसँगै कुल सञ्चालन दूरी ५० हजार किलोमिटर पार गरेको छ । सरकारी सञ्चारमाध्यमले जनाएअनुसार यो उपलब्धिसँगै चीनले विश्वकै सबैभन्दा ठूलो रेल सञ्जाल भएको देशको हैसियतलाई अझ बलियो बनाएको छ ।

चीनसँग रहेको रेल सञ्जालको कुल लम्बाइ पृथ्वीको परिधिभन्दा करिब पाँचौं लामो रहेको बताइएको छ । यसले देशभित्रको आवागमन मात्र नभई, क्षेत्रीय आर्थिक एकीकरण र विकासलाई समेत तीव्र बनाएको सरकारी अधिकारीहरूको भनाइ छ । राज्य प्रसारक सीसीटीभीका अनुसार नयाँ उच्चगतिको रेल सेवा चीनको ऐतिहासिक र सांस्कृतिकरूपमा प्रसिद्ध टेराकोटा योद्धाहरूको घर सिआन सहरबाट सुरू भई उत्तरतर्फ यानान सहरसम्म सञ्चालनमा आएको हो । यी दुवै सहर उत्तरी चीनको साङ्सी प्रान्तमा पर्दछन् ।

यस रेल परियोजनाको निर्माण सन् २०२० मा सुरू हुँदा केही घरहरु भत्काउनु परेको थियो । त्यतिबेला विस्थापित हुनुपरेका बासिन्दाहरूलाई प्रति घर पाँच हजार युआन (करिब ७०० अमेरिकी डलर)का दरले स्थानान्तरण भत्ता उपलब्ध गराइने स्थानीय अधिकारीहरूले जानकारी दिएका थिए । राज्यको स्वामित्वमा रहेको चाइना रेलवेले शुक्रबार जारी गरेको विज्ञप्तिमा सन् २०२० को तुलनामा चीनको समग्र रेल नेटवर्क करिब ३२ प्रतिशतले विस्तार भएको उल्लेख गरिएको छ । यसलाई यातायात पूर्वाधारमा गरिएको दीर्घकालीन लगानीको परिणामका रूपमा हेरिएको छ ।

सिआन-यान उच्चगतिको रेल लाइनको कुल लम्बाइ २९९ किलोमिटर रहेको छ । सबैभन्दा छिटो यात्रामा यस दूरी पार गर्न ६८ मिनेट मात्र लाग्ने सीसीटीभीले जनाएको छ । यो सेवाले दुवै सहरबीचको दूरीलाई उल्लेखनीय रूपमा छोट्याएको छ । सि९३०९ नामक ट्रेन अधिकतम ३५० किलोमिटर प्रतिघण्टाको गतिमा सञ्चालन हुने बताइएको छ । यस गतिले जापानको प्रसिद्ध शिन्कान्सेन रेललाई समेत उछिनेको छ, जसको अधिकतम गति ३२० किलोमिटर प्रतिघण्टा रहेको छ ।

यसैबीच, बेइजिङले आफ्नो बेल्ट एन्ड रोड इनिसिएटिभअन्तर्गत अन्य एसियाली मुलुकहरूमा पनि रेल पूर्वाधार विकासका लागि आर्थिक सहयोग गर्दै आएको छ । विश्वव्यापी पूर्वाधार परियोजनाहरूलाई सहयोग गर्ने उद्देश्यले सुरू गरिएको उक्त पहलअन्तर्गत केही योजनाहरु सफलतापूर्वक अघि बढिरहेका छन् भने केही परियोजना रोकिएका वा विवादमा परेका छन् भन्ने तथ्य पनि सार्वजनिक रूपमा स्वीकार गरिएको एएफपीले जनाएको छ ।


**पञ्चकन्या गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लाकुरीभञ्ज्याङ, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/०९/१४**

यस गाउँपालिकाबाट मिति २०८२।०८।०४ को नागरिक दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभुतरूपमा प्रभावग्राही भएको पाइएको हुँदा बोलपत्र स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक रु (मू.अ.कर सहित) |
|---|---|---|---|---|
| 1.0 | PRM/DW /08/082-083 | Purano gaunpalikako karyalaya ,ilaka prahari karyalaya,panchakanya dush shaiyako aspatal, purano prahari chauki tolema khanepani,ward no 3 | D.G. Prakash Construction Nepaltar , Kathmandu | 31,47,267.2 2/- |

*प्रमुख प्रशासकिय अधिकृत*

**नेपाल सरकार**
**ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**
**जलस्रोत तथा सिंचाइ विभाग, जावलाखेल, ललितपुर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः** २०८२/०९/१४ (29, December, 2025)

यस विभागको मिति २०८२/०६/२७ (13, October 2025) मा आर्थिक राष्ट्रिय दैनिक तथा https://bolpatra.gov.np/egp मा प्रकाशित सूचना अनुसार तल उल्लेखित ठेक्का नं. हरूको लागि बोलपत्र आव्हान गरिएकोमा यस विभागमा https://bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरूमध्ये तल उल्लेखित बोलपत्रदाताहरू न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही हुन आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं.। कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) रू |
|---|---|---|---|
| 1. | DWRI/MMS/082-83/01, Supply and Delivery of Backhoe Loader | M.A.W. Earth Movers Pvt. Ltd., Tripureshwor, Kathmandu | 47,99,000.00 |
| 2. | DWRI/MMS/082-83/02, Supply and Delivery of Hydraulic Track Excavator | Bhajuratna Agency Pvt. Ltd., Lazimpat, kathmandu | 71,23,000.00 |
| 3. | DWRI/MMS/082-83/03, Supply and Delivery of Hydraulic Excavator | Bhajuratna Agency Pvt. Ltd., Lazimpat, kathmandu | 1,76,94,000.00 |
| 4. | DWRI/MMS/082-83/04, Supply and Delivery of Hydraulic Excavator(Long Boom Type) | Explore Earth Movers Pvt Ltd., krishna galli-03, Lalitpur | 1,09,61,356.00 |

*सिनियर डिभिजनल इन्जिनियर*

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, पोखरा**
**सालझण्डी सन्धिखर्क ढोरपाटन सडक योजना, सन्धिखर्क, अर्घाखाँची**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०८२/०९/१४

यस कार्यालयबाट मिति २०८२/०८/०५ गते PPMO को web portal www.bolpatra.gov.np/egp तथा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. SSDRP/03/082/83 बमोजिम रीतपूर्वक प्राप्त भएका बोलपत्रहरूमध्ये देहायको ठेक्कामा देहायका बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| सि. नं | ठेक्का नं. र निर्माण कार्यको विवरण | न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|
| 1 | SSDRP/337011064/082/83/03, "Road upgrading works of Aulakhola-Marka Khola ( Ch: 0+000 to Ch:0+620 ) section along Saljhandi Sandhikharka Dhorpatan Road (NH-52) to blacktopped standard" | M/S Ichchha Nirman Sewa, Sa.Na.Pa-01, Arghakhanchi | 1,33,58,947.61 |

*योजना प्रमुख*

**गैरबैंकिङ्ग सम्पति बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र (टेण्डर) आह्वान सम्बन्धी सार्वजनिक सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०९/१४)**

यस बिन्धवासिनी बचत तथा ऋण सहकारी संस्था लि. को नाममा दर्ता रहेको तपसिल बमोजिमको गैरबैंकिङ्ग सम्पत्ति (जग्गाहरु) जे जस्तो अवस्थामा छ सोही अवस्थामा ऋण लगानी तथा असुली नीति २०५१, पुनर्लेखन २०८० को नियम १०३ को उप नियम (१) बमोजिम गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) मार्फत बिक्री गरिने भएको हुँदा इच्छुक फर्म, कम्पनी वा महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र यस संस्थाको मुख्य कार्यालय बनेपा–७, काभ्रेपलाञ्चोकमा अनुसूची ७२ बमोजिमको गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) पेश गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ । बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधीनमा रही रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु सूचना प्रकाशन भएको २२औं दिन वा सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात् लगत्तै कार्यालय खुलेको दिनमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

| ठेगाना | कित्ता नं. | क्षेत्रफल | न्युनतम बोलकबोल रकम |
|---|---|---|---|
| साविक पोखरी नारायणस्थान-३, काभ्रे | ७९३ | १-३-०-० | ११९५०८८.०० |
| | ७८९ | १-०-२-० | |
| नमोबुद्ध-०९, काभ्रे | ८४९ | १-६-०-० | ३३६१४०३.०० |
| नमोबुद्ध-०९, काभ्रे | ८५२ | ०-१०-२-२ | |
| नमोबुद्ध-०९, काभ्रे | ८५५ | ०-१०-२-२ | |
| साविक शारदाबतासे-७, काभ्रे | ९२२ | ०-७-०-० | २३१६१४४.०० |
| | ९२५ | ०-७-३-० | |
| | ९२७ | ०-११-०-३ | |
| | ९२८ | ०-३-३-० | |
| | ३४८ | १-८-२-१ | |
| साविक महांकालचौर-३ (क), काभ्रे | ३४० | ६-८-०-२ | ९१३७८०.०० |
| | ३४२ | ४-०-२-० | |
| साविक जैसीथोक मण्डन-४, काभ्रे | १६३५ | ८-१०-०-३ | ५२३९८०८.०० |
| साविक शिखरआम्बोटे-९, काभ्रे | २३०२ | ४-४-२-१ | १८६५२८६.०० |
| सीविक ज्याम्दी मण्डन-३, काभ्रे | १२ | ०-१४-२-२ | १४७६३३७.०० |
| | २७ | १-२-२-१ | |
| ज्याम्दी मण्डन-७, काभ्रे | ५०८ | १-१२-२-२ | |
| साविक ज्याम्दी मण्डन-३, काभ्रे | १६५१ | ०-१३-०-३ | |
| साविक दाप्चा छत्रेबाझ-६, काभ्रे | १३६८ | १-४-१-० | ३५४५२७२.०० |
| साविक कलाती भुमीडाँडा-३, काभ्रे | ६४८ | १-८-०-० | ३६६६३३३.०० |
| | ६५० | ०-१२-०-० | |
| | ६५३ | १-१४-२-० | |
| | ६५७ | २-१२-०-० | |
| | ६६७ | ०-५-१-१ | |
| साविक कुशादेवी-२, काभ्रे | २९३६ | ०-७-३-० | १७४८४८१.०० |

| ठेगाना | कित्ता नं. | क्षेत्रफल | न्युनतम बोलकबोल रकम |
|---|---|---|---|
| साविक ढुंखर्क-२, काभ्रे | १२८ | ०-५-०-१ | १५३५४०१.०० |
| साविक चलाल -१, काभ्रे | १३२० | ०-४-१-० | |
| साविक सुन्थान-६, काभ्रे | ५११ | १-०-०-० | ४१६५४५१५.०० |
| साविक सुव्वागाँउ-२(ख), काभ्रे | २७७ | ०-११-१-० | १६९३८३०.०० |
| साविक चण्डेनीमण्डन-६, काभ्रे | ६०६ | १-६-१-२ | ६०७१७३.०० |
| | ५७७ | २-१०-३-१ | |
| साविक होक्सेवजार-६, काभ्रे | ११५३ | १-१०-०-२ | १५९२१९६.०० |
| | ११५१ | १-१३-१-१ | |
| पाँचखाल-२, काभ्रे | ८९८ | १-०-०-० | १५१२७५५.०० |
| साविक खनालथोक-१, काभ्रे | ५९० | २-१४-३-२ | ७६०९८६.०० |
| साविक खनालथोक-२, काभ्रे | ३१६ | २-१-२-२ | |
| दाप्चा छत्रेबाँझ-९, काभ्रे | ५३६ | ०-८-३-३ | ८२७२७३.०० |
| दाप्चा छत्रेबाँझ-९, काभ्रे | १७०९ | १-६-१-० | ८२६८२९.०० |
| साविक फुलबारी-५, काभ्रे | ३१०८ | ०-१०-०-० | ८८४११७८.०० |
| साविक मंगलटार-८(ग), काभ्रे | १२५ | २-५-०-३ | ७४७०९५४.०० |
| | १२६ | ५-४-३-० | |
| | १४४ | २-१-२-० | |
| | १२२ | ०-११-०-० | |
| | १६१ | ०-४-३-० | |
| | १४८ | १०-१२-२-२ | |
| | २९० | ५-५-२-० | |
| | २८९ | ५-०-०-० | |
| | १२४ | ३-५-३-० | |
| साविक महादेवस्थान-५, काभ्रे | ६०४ | ०-३-०-३ | ५२०४६९.०० |

**शर्तहरू** :

१. शिलबन्दी बोलपत्र (टेण्डर) फारम यस संस्थाको मुख्य कार्यालयबाट रु.५००।- (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. खरिद गर्न कबोल गरेको सम्पत्तिको (घर/जग्गा) विवरण बोलपत्र (टेण्डर) फारममा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। साथै, बोलपत्रको खाम बाहिर सम्पत्तिको (घर/जग्गा) विवरण उल्लेख गरेको हुनुपर्नेछ।
३. आफूले शिलबन्दी बोलपत्र (टेण्डर) बाट खरिद गर्न चाहेको घरजग्गाको स्थलगत निरीक्षण गर्न अनुरोध भई आएमा सो को लागि संस्थाले सहजीकरण गर्नेछ।
४. रीत नपुगेको, न्यूनतम मूल्यभन्दा कम उल्लेख भएको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डर उपर कुनै कारवाही गरिनेछैन।
५. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृत गर्ने वा नगर्ने अधिकार यस संस्थामा सुरक्षित रहने छ।
६. बोलपत्र (टेन्डर) साथ आफूले दिन चाहेको मोलको न्यूनतम १०% रकम धरौटी वापत बिन्धवासिनी बचत तथा ऋण सहकारी संस्था लि. को माछापुच्छ्रे बैंक लि. को खाता नं. ०१००००२१८९००००१४ मा जम्मा गरी सोको सक्कल भौचर/रसिद बोलपत्र (टेण्डर) साथ संलग्न गर्नुपर्नेछ।
७. बोलपत्र (टेण्डर) स्वीकृत भएपछि बाँकी रकम ७ (सात) दिनभित्र दाखिल गरी घर/जग्गा नामसारी गरी सक्नु पर्नेछ अन्यथा धरौटी जफत भई उक्त सम्पत्ति पुनः लिलाम बिक्री गर्न सकिनेछ।
८. आफूले सम्पत्ति लिन दिएको मोल अङ्क र अक्षरमा प्रष्टसँग लेखिएको हुनुपर्नेछ। साथै, उल्लेखित सम्पूर्ण सम्पत्ति वा अलग अलग कित्ता लिने हो सो समेत खुलाई पेश गर्न सकिनेछ।
९. शिलबन्दी बोलपत्र (टेण्डर) खाममा लाहाछाप लगाएको हुनुपर्नेछ।
१०. शिलबन्दी बोलपत्र (टेण्डर) दिने व्यक्तिले नागरिकताको प्रमाणित प्रतिलिपि र संगठित संस्था भए संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ। साथै संस्थाको हकमा कम्पनीको छाप, अख्तियारनामा र निजको अख्तियारवाला व्यक्तिको दस्तखत हुनुपर्नेछ।
११. बोलपत्र (टेण्डर) सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दावी गर्न पाइनेछैन।
१२. बोलपत्र (टेण्डर) स्वीकृती भएपश्चात् दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्नुपर्ने राजश्व, रजिष्ट्रेशन दस्तुर एवं अन्य खर्च बोलपत्रदाताले नै व्यहोर्नुपर्नेछ।
१३. अन्य जानकारीको लागि यस संस्थामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।
१४. **बोलपत्र बुझाउने अन्तिम मिति** : २०८२ साल माघ ४ गते कार्यालय समय भित्र।
१५. **बोलपत्र खोल्ने मिति** : २०८२ माघ ६ गते सोमबार दिउँसो ठीक १:०० बजे मुख्य कार्यालय बनेपा।

दर्ता नं. ११०/०५०/०५१
पान नं. ३०१७२००८३
"गुणस्तरीय, व्यवसायिक एवं दिगो वित्तीय सहकारी"
**बिन्धवासिनी**
**बचत तथा ऋण सहकारी संस्था लि.**
**BINDHAVASINI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD. (BISCOL)**
आबद्धता:
रजिष्टर्ड कार्यालय : पनौती-१०, खोपासी
मुख्य कार्यालय : बनेपा-७, काँधलामार्ग, काभ्रेपलाञ्चोक
**सम्पर्क** : ०११-६६०९६५, **इमेल** : info@biscol.org.np, **वेब** : www.biscol.org.np